नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा

सानोठिमी, भक्तपुर

प.सं. :- ०७६।७७
च.नं. :- १५५

मिति २०७७।०२।२०

**विषय : शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय समयोजन तथा एकिकरण सम्बन्धी जरुरी सूचना**

**(गोरखापत्रमा मिति २०७७।०२।२१ मा प्रकाशित)**

**श्री नगरपालिका तथा गाउँपालिकाहरु (सबै)**

“सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७” अनुसार दुई वा दुइ भन्दा बढी विद्यालय तथा कक्षाहरु एक आपसमा **समायोजन, एकीकरण भएमा त्य्स्ता विद्यालयहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था रहेको ।** यस सम्बन्धी विस्तृत जानकारी केन्द्रको वेभसाइट www.doe.gov.np मा रहेको कार्यविधिबाट लिनुहुन अनुरोध छ। सो कार्यविधिअनुसार प्रोत्साहन अनुदान प्राप्त गर्नका लागि देहाय अनुसारको विवरण २०७७ असार ३ गतेभित्र केन्द्रको इमेल ठेगाना cehrd.ss@gmail.com मा आइपुग्ने गरी पठाउनु हुन अनुरोध छ।

**तपसिल**

| विद्यालयहरुको प्रकार | समायोजन भएका विद्यालयहरु नाम ठेगाना IEMIS कोड सहित | विद्यार्थी संख्या | कायम रहेको विद्यालय | समायोजन भएको तह/कक्षा | समायोजित कक्षा संख्या | स्थानीय तहको निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क.सार्वजनिक विद्यालयमा निजी लगानीका विद्यालय | | | | | | | |
| ख.सार्वजनिक र सार्वजनिक विद्यालयहरु | | | | | | | |
| ग. कक्षा वा तह घटाएर सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन वा एकीकरण | | | | | | | |

पुनश्च : स्थानीय तहको निर्णयको प्रमाणित प्रतिलिपीको स्क्यान कपि पेश गर्नु पर्नेछ।

श्री शिक्षा विकास तथा समन्वय इकाइहरु : यस कार्यको समन्वय र सहजीकरण गर्नुहुन ।

( द. )
गेहनाथ गौतम
निर्देशक

**थप जानकारीका लागि**

**"सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" अनुसार समायोजन एवम् एकीकरण भएका विद्यालयलाई अनुदान दिने आधारहरु :**

सम्बत् २०७४ साल चैत्र मसान्तसम्म कम्तीमा एक शैक्षिक सत्र पूरा गरेका र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयन पश्चात् स्थानीय तहले विधिसम्मत् ढंगले समायोजन गरेका विद्यालयहरुलाई एक पटकका लागि मात्र देहाय बमोजिम प्रोत्साहन अनुदान प्रदान गरिनेछ :

**(क) सार्वजनिक र निजी लगानीको विद्यालय समायोजन एवम् एकीकरण भएमा**

| क.स. | समायोजन एवम् एकीकरण भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान |
|---|---|---|
| १. | आधारभूत तहको कक्षा ५ सम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु २० लाख |
| २. | आधारभूत तहको कक्षा ८ सम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु ३० लाख |
| ३. | माध्यमिक तहसम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु ५० लाख |

**(ख) सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण भएमा**

| क.स. | समायोजन एवम् एकीकरण भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान |
|---|---|---|
| ४. | कक्षा ५ सम्म संचालित कुनै विद्यालय कक्षा ५ सम्म संचालित अर्को विद्यालयमा समायोजन भएमा | रु २५ लाख |
| ५. | कक्षा ३ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३० लाख |
| ६. | कक्षा ३ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३५ लाख |
| ७. | कक्षा ५ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३५ लाख |
| ८. | कक्षा ५ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ४० लाख |
| ९. | कक्षा ८ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ४५ लाख |
| १०. | कक्षा ८ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ५० लाख |
| ११. | कक्षा १० वा १२ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ६० लाख |

**(ग) कक्षा घटाएर सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन वा एकीकरण भएमा :**

(१) आधारभूत तहको हकमा समायोजन भई बन्ने विद्यालयले समायोजन भएको प्रति कक्षा रु.पाँच लाखका दरले र समायोजित भई जाने विद्यालयले समायोजनमा गएको प्रतिकक्षा रु.दुई लाख पचास हजारका दरले प्रोत्साहन अनुदान पाउनेछ ।

(२) माध्यमिक तहको हकमा समायोजन भई बन्ने विद्यालयले समायोजन भएको प्रति कक्षा रु.दश लाखका दरले र समायोजित भई जाने विद्यालयले समायोजनमा गएको प्रतिकक्षा रु.पाँच लाखका दरले प्रोत्साहन अनुदान पाउनेछ ।

चन्द्रविर शाही
प्रमुख प्रशासकीय अधिकृत